फागुन १६,२०७७
वोडे, भक्तपुर ।

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसँग सरोकार राख्ने कार्यक्रम सहायकहरूको क्षमता अभिवृद्धि गर्न थप तालिम दिई सक्षम र सवल बनाउनु आवश्यक देखिएकोले डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडका आयोजनामा मिति २०७७ फागुन १४ र १५ गते वोडे, भक्तपुरमा **Boosting Program Assistant's Morale/Productivity** बिषयक तालिम संचालन गरिएको थियो । उक्त तालिममा संस्थाका का.मु. मुख्य प्रबन्धक श्री ज्ञानेन्द्रप्रसाद अर्याललले सहभागीहरूलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।




उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्य ज्यूले सहभागीहरूलाई यस संस्थाको भबिष्यको कार्ययोजना सम्बन्धी जानकारी दिनुभएको थियो भने संस्थाका का.मु. सहायक महाप्रबन्धकद्वय श्री हेमकुमार काफ्लले कार्यक्रमका फिल्ड सहायकको काम र कर्तव्यको बारेमा र श्री हरिप्रसाद आचार्यले हाल कार्यक्रम संचालनमा देखिएका समस्या र सामधानको बारेमा तालिम दिनुभएको थियो । यस वित्तिय संस्थाको संस्थापक कृषि बिकास बैक प्रा.लि.बाट श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री राजु कार्की तथा यस संस्था विभागीय प्रमुखहरू र बरिष्ठ अधिकृतले जम्मा २८ जना प्रदेश नं १, २ र ३ मातहातका शाखा कार्यालयमा कार्यरत कार्यक्रम सहायकहरूलाई **Boosting Program Assistant's Morale/Productivity** सम्बन्धी तालिम प्रदान गर्नु भएका थियो ।